# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

मिति: २०८३/०४/२०

प.सं.: ०८३/०८४

सूचना नं.: 0९

ने.सं.: ११४६ दिल्लागा ७ बुधबार

## सहकारी तालिमका लागि आवेदन दिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८३/०४/२० गते)

कोशी प्रदेश **प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरीको** च.नं. ५८, मिति २०८३/०४/१९ को पत्रानुसार आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्थानीय तह अन्तर्गतका ईच्छुक सहकारी संस्थाहरूको सञ्चालक र कर्मचारीहरुलाई तपसिलका तालिमहरू सञ्चालन हुन गइरहेको हुँदा यस लिखु गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई तोकिएको ढाँचामा आवेदन भरी पठाउनहुन सूचित गरिन्छ।

**प्रदेशद्वारा प्रस्तावित तालिमहरू:**

१. कोपोमिस (COPOMIS) सञ्चालन सम्बन्धी तालिम - ३ दिने

२. सहकारी व्यवस्थापन तालिम - ५ दिने

३. आधारभूत सहकारी लेखापालन तालिम - ५ दिने

४. ऐन, नियम तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम - ६ दिने

५. अभिलेख व्यवस्थापन तथा पर्ल्स (PEARLS) अनुगमन तालिम - ५ दिने

नोट: थप जानकारीका लागि प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको पत्र यसै सूचनासाथ संलग्न राखिएको छ।

२०८३/०४/२०
प्रमुख प्रशासकीय अधिकृत

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश

प.सं. :- ०८३/८४

च.नं. :- ४८

मिति :- वि.सं. २०८३/०८/१९

ने.स. :- ११४६ थिल्लागा,६ मङ्गलवार

**विषयः तालिम तथा अनुगमनको विवरण सम्बन्धमा।**

श्री स्थानीय तह सबै,

कोशी प्रदेश।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/०८४ वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तपसिल बमोजिमका तालिम सञ्चालन हुने भएकोले तालिम लिन ईच्छुक सहकारी संस्थाहरुका सञ्चालक र कर्मचारीहरुलाई तालिम आवेदन भरी पठाईदिन सहजीकरण गरिदिनु तथा तहाँ पालिकाको समन्वयमा पालिकाको कार्यक्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको संयुक्त अनुगमन गर्न आवश्यक भए यस कार्यालयमा माग आकृति भरी पठाईदिनु हुन अनुरोध छ।

तपसिलः

१. कोपोमिस सञ्चालन सम्बन्धी तालिम -३ दिने

२. सहकारी व्यवस्थापन तालिम -५ दिने

३. आधारभूत सहकारी लेखापालन तालिम-५ दिने

४. ऐन, नियम तथा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तालिम-६ दिने

५. अभिलेख व्यवस्थापन तथा पर्ल्स अनुगमन तालिम -५ दिने

६. स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरुको लागि प्रशिक्षक प्रशिक्षण तालिम-७ दिने

नोट- समन्वय र सहजीकरणका लागि तहाँ स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीको सम्पर्क नं. सहितको विवरण समेत संलग्न राखि पठाईदिनु हुन अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Mahananda Rijal

(महानन्द रिजाल)

शाखा अधिकृत

श्री कृषि विभाग तथा सहकारी शाखा।

लिखु गाउँ कार्यपालिकाको कार्यालय, यसम, ओ.

दर्ता नं: 926

दर्ता मिति: 2083/08/20

फोन नं. ०२१ ४६४५८१
Email: [illegible]

| सि.नं. | सहकारी संस्थाको नाम | नियमन निकाय (प्रदेश वा स्थानीय) | सहभागीको नाम | पद | यस अगाडी तालिम लिए/नलिएको | लिएको भए कुन तालिम लिएको | आफूले लिन चाहेको तालिमको नाम क्रमश.. (आवश्यकता अनुसार भर्ने) | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

आवेदन पेश गर्ने सहभागीहरुलाई प्राथमिकता अनुसार समयानुकुल सहभागी गराईनेछ।